नेपाल सरकार
शिक्षा मन्त्रालय
विद्यालय शिक्षक किताबखाना
म्यूजियम मार्ग छाउनी काठमाडौं ।
☎ ४६७२८२३, ४२८३०२३, ४६७०७५७
फ्याक्स ४२८४९००

प.सं. ०७३/७४
च.नं. ३२५१

मिति : २०७३।१२।१२

विषय :- **अनिवार्य अवकासकालागि उमेर गणना** गर्ने वारे ।

श्री जिल्ला शिक्षा कार्यालय
सवै ।

देशका अधिकतर जिल्लामा शिक्षकका सेवा सुविधा विषयमा प्रशिक्षण तथा अन्तरक्रिया हुँदा अनिवार्य अवकासका सम्वन्धमा केहीमा अझ स्पष्ट भई नसकेको पाइएकोले यस किताबखानाबाट ताहाँ पठाइएको देहाय अनुसारको च. नं. मिति २०६८।१२।१५ को पत्र ताहाँ प्राप्त भएकै छ । यस सम्वन्धमा देहाय अनुसार हुन मिति २०७३।१२।३ को निर्णयानुसार अनुरोध गरिन्छ ।

"उपर्युक्त वारेको यस किताबखानाको च. नं. २८७४, मिति २०६७।११।१ र च.नं. ४१४२, मिति २०६८।१०।१७ समेतका परिपत्रहरु प्राप्त भएकै होलान् ।

शिक्षकको अनिवार्य अवकासको लागि उमेर गणना गर्ने प्रयोजनकालागि शिक्षा नियमावली २०५९ को नियम १३१ (१) अनुसार निजले सेवा प्रवेश गर्दा पेश गरेका शिक्षण संस्थाको प्रमाणपत्र वा नेपाली नागरिकताको प्रमाणपत्र वा सेवा प्रवेश गर्दा भरेको वैयक्तिक तथा नोकरी विवरण (**सिटरोल**) मा लेखिएको जन्ममिति वा वर्षबाट हुन आउने उमेरमध्ये जुन उमेरबाट पहिले अवकास हुन्छ सोही आधारमा गणना गरिने व्यवस्था भई सोही अनुसार उमेर गणना भईरहेकोमा जन्म, वर्ष वा उमेर मात्र उल्लेख भएको नागरिकता, शैक्षिक योग्यताको प्रमाणपत्र वा सिटरोलको हकमा देहाय वमोजिमको उमेर कायम गर्ने गरी शिक्षा मन्त्रालयबाट मिति २०६८।१२।७ मा निर्णय भई आएकोले उक्त अनुसार गर्नु गराउनु हुन अनुरोध गरिएको छ ।

१) नागरिकताको प्रमाणपत्र, शैक्षिक योग्यताको प्रमाणपत्र र वैयक्तिक तथा नोकरी विवरण (**सिटरोल**) मा उमेर वा जन्म वर्ष वा सम्बत् मात्र उल्लेख भएको प्रमाणपत्रको आधारमा जन्म मिति कायम गर्दा नागरिकताको प्रमाणपत्रको हकमा नागरिकता प्रमाणपत्र जारी मितिको आधारमा, शैक्षिक योग्यताको प्रमाणपत्रको हकमा प्रमाणपत्र जारी भएको मितिको आधारमा र सिटरोलको हकमा सुरु भर्ना भएको मितिको आधारमा कायम गर्ने ।

२) कुनै एक प्रमाणपत्रमा उमेर वा जन्म वर्ष मात्र उल्लेख भएको र अरु कुनै प्रमाणपत्रमा पूरा जन्ममिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा पूरा जन्म मिति खुलेको रहेछ तथा त्यस्तो प्रमाणपत्रमा उल्लेखित जन्म मितिहरुको बीचमा एक वर्षसम्मको अन्तर देखिएमा प्रष्ट खुलेको प्रमाणपत्रको जन्म मितिलाई आधारमा मान्ने भन्ने निजामती सेवा नियमावलीमा पनि व्यवस्था रहेकोले सोही अनुसार गर्ने ।"

माथिको बुँदा नं. २ मा प्रमाणपत्रहरु भन्नाले "नेपाली नागरिकताको प्रमाणपत्र र शैक्षिक योग्यताको प्रमाण पत्र"लाई सम्झनुपर्छ । यसै बुँदामा लेखिएको "निजामती सेवा नियमावलीमा पनि व्यवस्था" तल हुवहु उतारिएकोले सोही अनुसार माथिको बुँदाको अर्थ सम्झनु हुन अनुरोध छ ।

शेरबहादुर ढुङ्गाना